# वास्तविकतालाई वास्तविक बनाउदैँ

## रोमी ६ को अध्ययन

By Franklin

यशैया ५:१३ यसकारण **समझशक्तिको अभाब**ले गर्दा मेरो प्रजा **देशबाट निकालिनेछन्ः** तिनीहरुका आदरणीय मानिसहरु भोकले मर्नेछन्, अनि तिनीहरुका जनसमूह तिर्खाले सुक्नेछन् ।

- यो शब्दको अर्थ : नाङ्गो पार्नु, विषेश गरि लल्जास्पद तरिकाले : ब्यवहारमा लागु गर्दा प्रवासमा लिएर जादाँ कैदिहरुको नङ्ग्याईन्थ्यो ।
  (उदाहरण : यशैया २०:४)

- हाम्रो "समझशक्तिको अभाब" ले शैतानलाई हामीलाई प्रवासमा लिएर जानको लागि अनुमति दिन्छौं र हामीलाई लाज र शर्मको परेडमा लैजान्छ ।

- जे हामीलाई थाहा छैन त्यसले हामीलाई निश्चितरुपमा चोट पुऱ्याउछ/मुल्य चुकाउनु पर्दछ/अंकमाल गर्दछ/र हामीलाई सिक्री भित्र बाध्दछँ ।

२ कोरन्थी २:११ जसमा शैतानले हामीलाई **परास्त गर्न नपाओस्** । किनकि हामी **त्यसका युक्तिहरू**देखि अजान छैनौं ।

- शैतानले तपाईलाई कैदी बनाउन र प्रवासमा लिएर जान मन पराउदछँ, राज्य बाहिर , तपाई नाङ्गो झार बनाउन, जसरी उसले आदम र हव्बालाई गरेको थियो (उत्पत्ती ३:७) ।

उत्पत्ती २:१६-१७ अनि परमप्रभु परमेश्वरले मानिसलाई यस्तो आज्ञा दिनुभयो, "यस बगैँचामा भएका रुखहरुबाट जे पनि खान तिमी स्वतन्त्र छौं : तर तिमीले **असल र खराबको ज्ञान** दिने रुखको फलचाहिँ नखानू, किनकी तिमीले त्यसबाट खायौ भने तिमी अवश्य मर्नेछौं ।"

उत्पत्ती ३:४-७ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरु क्दापि मर्नेछैनौ ।"

- कस्ले हामीबाट सत्यलाई लुकाउदँछ ? ? ? कस्ले हामीलाई झूठ भन्दछ र हामी मूर्खहरु जस्तै हामी विश्वास गर्छौं ?

५ "किनकी परमेश्वर जान्नुहुन्छ कि तिमीहरुले यो खायौ भने तिमीहरुका आँखा उघ्रनेछन्, अनि तिमीहरु पनि **असल र खराब जान्ने** भई, परमेश्वरजस्तै हुनेछौ ।"

- परमप्रभुले हामीले जहिल्यै पनि असल मात्र जानेको चाहानुहुन्थ्यो, दुष्टता होइन ।

६जब स्त्रीले त्यस रुखको फल खानलाई असल अनि **हेर्न**लाई **रहरलाग्दो**, अनि **बुद्धि प्राप्त गर्नलाई** चाहिने देखिन्,

- परमेश्वरको वचनबाटको बुद्धिलाई तिरस्कार गरियो, तर जो कुरा उनले दुष्टबाट **देखेकी** र **सुनेकीछिन्** त्यसलाई स्विकार गरियो ।
- अहिले मानिसहरु त्यसतै गर्छन् र जे कुरा हामीले **सुनेका र देखेका छौं** त्यतोबाटको ज्ञानलाई चाह गर्छौं, परमेश्वर र उहाँको वचनबाटको ज्ञानलाई तिरस्कार गर्छौं वा हेदैनौं ।

तिनले केही फल टिपेर खाइन् । तिनले आफ्नो लोग्नेलाई पनि केही दिइन्, जो तिनीसँगै थिए, अनि तिनले पनि खाए । (सानो अनाज्ञाकारिताले अप्ठ्यारो र कठिन नतिजाहरु ल्याउदँछ ।)
७ अनि ती दुवैका आँखा उघ्रिए र तिनीहरुले आफू **नाङ्गो** भएको थाहा पाए अनि तिनीहरुले **नेभाराका पातहरु** गाँसेर आफ्ना निम्ति ढाक्ने कुराहरु बनाए ।

- र उनीहरु प्रवासमा लगिए, **अदनको बगैचाँबाट बाहिर** । हाम्रो अनाज्ञाकारिता र परमेश्वरको वचनको ज्ञानको कमिले हामीलाई अझै कठिन जीवन तिर डोऱ्याउदँछ – *"काडाँहरु र गोखरुहरु"* र *"तपाईको शरिरको पसिना"* ।

- शैतानले उनीहरुलाई लाजमा पाऱ्यो, नाङ्गो बनायो, सबैको सामु प्रकट गऱ्यो । हामीलाई मूर्ख बनाउनाले उसलाई खुशी मिल्छ र ज्ञानको अभाबले गर्दा **नेभाराको**

**पातहरु** जस्तो काम नलाग्ने कुराहरु जस्तै हाम्रो असफलताहरु र हाम्रो लाजले हामीले आफैलाई ढाक्ने कोशिस गरेको देखेर उ सादय हास्छ पनि होला ।

- कतिको हामी हाम्रा गलतिहरु "ढाक्ने" गर्छौं, आफुले आफैलाई बचाउदै – हाम्रो नेभाराको पातहरुलाई चिनौं र पक्रौं ।

- एफिसी ६:११ र १४ **शैतानका युक्तिहरू**को विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर । १४यसकारण आफ्नो कम्मर **सत्य**को पेटीले बाँधेर, धार्मिकताको छाती–पाता लगाएर खडा होओ ।

❖ हामी सबै जनाहरु कि त सत्यता वा नेभाराको पातहरुलाई गिज्याउदँछौं ।

होशे ४:६ मेरा मानिसहरु **ज्ञानको कमिले नाश** भइरहेका भएका छन् ।

- नाशको लागि प्रयोग गरिने हिब्रू शब्दको अर्थः लाटो हुनु वा चुप लाग्नु, केहि नगर्नु, हटाइनु, असफल वा नष्ट हुनु, नाश पारिनु ।

- जे कुरा तपाईलाई थाहा छैन त्यसले तपाईलाई धेरै चोट पुर्‍याउदँछ, यसले गर्दा तपाई असफल हुनु हुनेछ, गुमाउनु हुनेछ, र मौकाहरु छुट्नेछ ।

उदाहरणहरु :

- o अर्को देशमा रहदा र त्यहाँको भाषा बोल्न नसक्दा, तपाईले कुन बस वा बाटो लिनु पर्ने हो थाहा हुदैंन । धेरै मानिसहरु विषेश गरि जवान जवानीहरु भिडलाई पछ्याउँछन् र कुनै पनि बसमा चढ्छन्, अन्तिम गन्तब्य थाहै नपाई ।
  उदाहरणको लागि : लागू पदार्थहरुको बस, जाडँ रक्सि, खैनि, अस्लिल चित्रहरु, क्षमा दिन नसक्ने, रिस र अन्य धेरै ।

- o यदि तपाईले करेन्टको खतरालाई थाहा गर्नु सक्नु भएन र असुरक्षित तारलाई समात्नु भयो भने त्यसलाई अबुझ भन्निछ !

- o तपाईलाई गहिरो लागेको नदिमा पौडि खेल्न हाम फाल्नु र पानी मुनि डुबिरहेको काठको मूढालाई नदेख्नु ।
- o 'फास्ट फूड' लाई सन्तुलित भोजनको रुपमा सोच्नु जहाँ तेल र चिनीको मात्रा ज्यादा हुन्छ जब कि गरिब राष्ट्रहरु भन्दा ज्यादा हाम्रो देशमा क्यानसर र अन्य स्वास्थ सम्बधि कुराहरुको खतरा ज्यादा पाइन्छ ।

**कुन कुराहरु हुन् जुन केहिले सत्य हो भनि भन्दा सधैँ साँचो हुदैन ।**

केहि "सत्य" चाहिँ दृष्टिकोणनुसार हुन्छ – हाम्रै आफ्नै बिचारबाट ।

**मानिसको दृष्टिकोणको उदाहरणहरु**

(इन्द्रियहरु विषेशगरि हेराई वा सुनाईबाटको सचेतता)

- एकताका यस्तो सोचिएको थियो कि पृथ्वी गोलो थियो र सुर्यले पृथ्वीलाई घुम्दछ । १६०० मा **ग्यालिलीयो**ले उनको आफ्नो दूरबिनद्धारा पृथ्वीले सुर्यलाई परिक्रमा गर्दछ भन्ने पत्ता लगाए जो पहिलेको सोच भन्दा विपरित थियो तर पछि गएर स्विकार गरियो ।

  क्यथोलिक चर्चले उसलाई बाकिँ जीवनभरि थुनामा राख्यो किनकी उसको खोजले उनीहरुको **सत्यताको दृष्टिकोणलाई** चुनौति दिएको थियो ।

- आकाश गंगाबाट अरबौ वर्ष लगाएर अहिले भएको सबै थोकहरु हुन आएको हो । यस्तो विचार "विकाशबाद सिद्धान्त"बाट आएको हो ।

- १६०० ताका आएको महामारीले यूरोपिय भेगमा हजारौ मानिसहरु मारिए । उनिहरुको दृष्टिकोणनुसार यो महामारि हावाबाट आएको हो तसर्थ उनिहरुले झ्यालहरु र चिम्नी बन्द गरे । यो गलत थियो ! यो महामारि मुसाहरुबाट फैलिएको थियो ।

- मानिसहरुको 'दृष्टिकोण' ले धैरै सिद्धान्तहरु उत्पन्न गरेको छ जो धैरै पल्ट गलत प्रमाणित गरिएको छ ।

चौथौँ शताब्दीमा, मानिसहरु र वैज्ञानिकहरुले साधारण जीवित प्राणिहरु **स्वतःरुपमा उत्पन्न** भएको भन्ने विश्वास गर्थे । उनिहरुले सोचेका थिए कि र्निजीव वस्तुहरु पनि एक दिन सजीव *प्राणिहरु* भएर आउनेछन् । उनिहरुले सोच्थे कि किराहरु , भ्यागुताहरु र एक प्रकारको माछाहरु चाहिँ धुँलो र हिलोबाट आएको र झिगाँहरु खानाबाट उत्पन्न भएको हो ।

उदाहरणको लागि :

**अवलोकन :** हरेक बसन्त ऋतुमा, निल नदिमा बाढि आउँछ जसले खनिज पर्दाथ ज्यादा भएको माटो छोडेर जान्छ जसले मानिसहरुलाई खानको लागि बालि उत्पादन गर्न सहयोग गर्दछ । यद्यपी, मलिलो माटोसँगै धेरै भ्यागुताहरु पनि आउदथे जो सुख्खा याममा देखा पर्दैनथ्यो । **दृष्टिकोण :** यसले स्वतःरुपमा भ्यागुताहरु हिलोबाट आएको हो भन्ने जस्तो लाग्दथ्यो । यो गलत हो !

**अवलोकन :** धेरै जसो यूरोपिय भागहरुमा, मध्य युगका किसानहरुले अन्नलाई प्वाल परेको छानाहरु छाउथे । यसले त्यो अन्न बिग्रिन्थे र त्याहाँ मुसाहरु हुन्थ्यो । **दृष्टिकोण :** यसले मानिसहरुले बिग्रेको अन्नबाट मुसाहरु उपन्न हुन्छ भन्ने विश्वास गर्थे । यो गलत हो !

**स्वतःरुपमा उत्पन्न** हुने सिद्धान्त चाहिँ आज पनि विकासबादहरुको मनमा जीवीत छ, जसले मानिस अरबौ वर्षहरु अगाडि र्निजीव तत्वको रसाईनहरु एक ठाउँमा आएर भएको विकास हो । वा : र्निजीव वस्तुहरुले सजीव तत्वहरुको उत्पादन गर्न सक्दछ । यो गलत हो !

## वस्तविकतामा जे सर्वशक्तिमान परमेश्वरले सत्य हो भनि भन्नुहुन्छ त्यहिँ नै सत्य हो ।

उहाँको दृष्टिकोण, जुन कुरामा उहाँको दृष्टिकोण ‘सहि छ’, त्यो नै सत्य हो ।

- यूहन्ना १:१ आदिमा वचन हुनुहुन्थ्यो, र वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । (१४) वचन देहधारी हुनुभयो र हाम्रा बीच वास गर्नुभयो । हामीले उहाँको महिमा देखेका छौं, अर्थात् पिताबाट आउनुभएको एकमात्र पुत्रको महिमा, जो अनुग्रह र **सत्यता**ले पूर्ण हुनुहुन्छ ।

- येशूले पिलातसलाई भन्नुभयो : पिलातसले भने, "त्यसो भए तिमी राजा नै हौ ?" येशूले भन्नुभयो, "म राजा हुँ भनी तपाईले ठीकै नै भन्नुभयो । वास्तवमा, म त्यही उद्देश्यले जन्मेको हुँ अनि संसारमा सत्यको साक्षी दिनको लागि म आएको हुँ । **सत्य**को पक्षमा रहने सबैले मेरा वचन सुन्छन् ।" **"सत्य के हो त ?"** पिलातसले सोधे । त्यसपछि तिनी फेरि मानिसहरूका अगि गए र भने, "उनको विरुद्धमा मैले केही दोष पाउँदिन । यूहन्ना १८:३७–३८

  यो राम्रो प्रश्न हो । हिन्दु धर्मले भन्दछ "यो सत्य हो ।" इस्लाम धर्मले भन्दछ "यो सत्य हो ।" शीक धर्मले....जैन धर्मले....र अन्य धर्महरुले पनि ।

- येशूले भन्नुभयो : येशूले भन्नुभयो, "बाटो, **सत्य र जीवन** म नै हुँ । मद्वारा बाहेक कोही पिताकहाँ आउन सक्दैन । यूहन्ना १४:६

- येशूले उहाँमाथि विश्वास गरेका यहूदीहरूलाई भन्नुभयो, "**यदि** तिमीहरू मेरा शिक्षामा रह्यौ भने, तिमीहरू साँच्चै नै मेरा चेलाहरू हौ । तब **तिमीहरूले सत्यलाई चिन्नेछौ**, अनि **सत्य**ले तिमीहरूलाई **स्वतन्त्र** तुल्याउनेछ । यूहन्ना ८:३१–३२

- तसर्थ हामीले यो जान्न अनिवार्य हुन आउँछ की संसारको 'पन्डितहरु' जसले सत्यतालाई जान्दछु भनि दाबि गर्दछन्, हाम्रो बैज्ञानिकहरु, हाम्रो विज्ञहरु जसले तथ्यहरु छन् भनि दाबि गर्दछन् उनिहरुले उनिहरुको सानो, तल्लो र सधै साचों भन्न नमिल्ने दृष्टिकोणबाट हेरिरहेका हुन्छन् ।

  - कहिले काहिँ उनिहरुको हेराई 'अन्जिरको पातहरु' जस्तै संर्किण हुन्छन् ।

- उनिहरुको ‘अञ्जिरको पातहरु’ वास्तविकरुपमा तब देखिन्छन् जब उनिहरु परमेश्वर हुनुहुन्छ
  भनि र उहाँको बैदिक संरचनालाई इन्कार गर्छन् र जबरजस्ती उनिहरु आफ्नो क्रमविकासको सिद्धान्तलाई सिद्धान्तलाई बढाउछन् ।

तसर्थ हामीले गर्नैपर्ने : संसारको रीतसँग अबदेखि मेल नराख, तर **आफ्नो मनको नवीकरण**द्‍वारा परिवर्तन होऊ । तब नै तिमीहरूले परमेश्‍वरको इच्छालाई– उहाँको असल, आनन्ददायी र सिद्ध इच्छालाई जाँच गर्न र स्वीकार गर्न सक्नेछौ । (रोमी १२:२)

त्यसैले, हामीले हाम्रो *‘मनहरु नवीकरण गर्न’* तिर लाग्नुपर्दछ, सत्यतालाई जानि र हाम्रो जीवनमा वास्तविकतालाई वास्तविक बनाई ।

रोमीको ६ अध्यायबाट सत्यता

रोमी ६ अध्यायमा हामीले हाम्रो जीवनलाई स्वतन्त्र र पाप माथिको विजय कसरी हुन सक्छ भन्ने धेरै नै महत्वपूर्ण सत्यतालाई सिक्न सक्छौं ।

रोमी ६:१ अब, हामी के भनौं त ? अनुग्रह बढिरहोस् भनेर पाप गरिरहने ?

- यस्तो चाहिँ मुर्खता हुनेछ ! यस्तो निष्कर्ष चाहिँ अञ्जिरको पातको दृष्टान्तबाट आएको हो ।
- पावलले यहाँ यस्ता मानिसहरुको बारेमा जनाई राखेका छन् जसले “हामीले पापलाई रोक्नु पर्दैन किनकी जति मात्रामा पाप बढ्छ त्यति मात्रामा अनुग्रह बढ्दछ ।”

(२) यसो कहिल्यै नहोस् ! हामी **पापको निम्ति मर्‍यौं**, त कसरी फेरि पापमा जिइरहने ?

- के ? *"पापको निम्ति मर्‍यो"* मैले गरे ? कहिले ? म अहिले पनि यस्ता कामहरु गर्दछु ?

(३) **के तिमीहरूलाई थाहा छैन– ख्रीष्ट येशूमा** हामी जति जनाले **बप्तिस्मा** लियौं, हामी सबैले **उहाँको मृत्युमा बप्तिस्मा** लिएका थियौं ?

⟹ **"बप्तिस्मा" को शाब्दिक अर्थ चाहिँ "राखिनु" हो ।**

र, यदि हामी "ख्रीष्टमा" छौं भने, परमप्रभु परमेश्वरले यसलाई देख्नुहुन्छ ।

१. येशू जे हुनुहुन्छ, हामी पनि त्यहि नै हौं ।

–र–

२. येशूलाई जे हुन्छ हामीलाई पनि त्यहि नै हुन्छ ।

हामीले जान्नु पर्ने चाहिँ यहि नै हो की :

- जब हामी "बप्तिसमा" भन्ने शब्द देख्छौं हामीले तुरुन्तै पानीको बारेमा सोच्नुहुदैन । र यो खण्डमा पानी उल्लेख गरिएको छैन ।

- बप्तिसमामा पानीसँग मात्रको सश्रिणको उत्पत्ती, ग्रीक शब्दको "ब्याप्टिजो" लाई अनुवाद गरिएन तर शब्दलाई भने हुबहु उतारियो । अर्थ–ग्रीक शब्दहरु अंग्रेजी शब्दहरुमा लेखियो र त्यो शब्दको अर्थलाई भने प्रयोग गरिएन ।

- ब्याप्टिजो – वास्तविक अर्थ चाहिँ : ***कुनै ठाउँमा राखिनु हो*** : डुबाउनु, पुरै पानीमा डुब्नु, डुङ्गा वा कपडा पुरै पानी मुनि पर्नु । थाएर ग्रीक ल्याकसिकनले यसको अर्थ माध्यम प्राप्त गर्नु कहिले काहिँ पानीद्धारा सधैँ होइन ।

- यदि ग्रीक शब्द 'ब्याप्टिजो' अनुवाद भएको भए हामीले बप्तिसमाको बद्ली "**कुनै ठाउँमा राखिनु**" भनि पढ्नु पश्र्यो ।

- विभक्ति eis ले **व्यक्ति भएको तत्व** तिर देखाउदँछ भने रोमी ६:३मा हामीले ***"ख्रीष्टमा"*** र ***"उनको मृत्युमा"*** भनेर राख्नु पर्थ्यो ।

- यसरी नै यहाँ पनि सत्य हुन्छ : 'en (ग्रीक) –आधारभूत विभक्तिले **स्थान**लाई देखाउदँछ : ठाउँ, समय वा प्रान्त । अनुवादः ठाउँमा, समयमा, प्रान्तद्धारा ।
    - प्रेरित १:५ यूहन्न्नाको बप्तिसमामा उनको बप्तिसमा ('en) वा **पानी**मा, तर अब धेरै समय नबित्दै तिमीहरु **पवित्र आत्मामा** ('en) **बप्तिसमा** हुनेछौं । जसरी बप्तिसमा दिने यूहन्न्नाले लूका ३:१६मा बताए झैं ।
    - मर्कुस १०:३८ के मैले पिउने कष्टको कचौरा तिमीहरू पिउन सक्छौ अथवा जुन बप्तिस्मा म लिनेछु  यो तिमीहरूले लिन सक्छौ ?"
        - कचौराले मृत्युको सट्टा उनको मृत्यु र बप्तिसमालाई देखाउदँछ (लूका २२:४२) ।
    - १ कोरन्थी १०:२ तिनीहरू सबै बादल अनि समुद्रमा **मोशामा बप्तिस्मा** भए ।
        - मोशमा बप्तिसमा लिए जब उनी उनीहरुका अगुवा वा मुक्तिदाता थिए । जहाँ उनी गए उनीहरु पनि त्यति गए ।
    - १ कोरन्थी १२:१३ किनकि एउटै आत्माद्वारा हामी **सबै एउटै शरीरमा बप्तिस्मा भयौं** – चाहे यहूदीहरू अथवा  ग्रीकहरू, चाहे कमारो अथवा फुक्का– अनि हामी सबैलाई पिउनलाई एउटै आत्मा दिइयो ।
        - ख्रीष्टको शरिरमा राखिएको ।
    - गलाती ३:२७ *किनकि तिमीहरू जतिजनाले **ख्रीष्टमा*** ('eis) ***बप्तिस्मा** पायौ, तिमीहरूले ख्रीष्टलाई धारण गरेका छौ ।*
    - कलस्सी १:२ *कलस्सेमा भएका पवित्र र विश्वास योग्यसाथ ख्रीष्टलाई पछ्याउने भाइहरूलाईः हाम्रा पिता परमेश्वरबाट अनुग्रह र शान्ति ।*

- परमप्रभुले जो “**आदममा**” वा “**ख्रीष्टमा**” छन् सबैलाई हेर्नुहुनेछ । *किनकि जसरी आदम**मा*** ('en) *सबै मर्छन्, त्यसरी नै ख्रीष्ट**मा*** ('en) *पनि सबै जिउनेछन् ।* १ कोरन्थी १५:२२

तसर्थ, संसारले “बप्तिसमा” शब्दलाई पानी भनेर सोच्छन् हामीले त्यसरी सोच्नु हुदैन । यो शब्दले अन्य माध्यममा राखिनुलाई पनि जनाउदँछ ।

(४) तसथर्, **बप्तिस्माद्वारा** (राखिएको) **मृत्यु** भएको कारण **हामी उहाँसँगै गाडियौं,** र जसरी (उदेश्यको कारण) **ख्रीष्ट** मृत्युबाट पिताको महिमाद्वारा **जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको चालमा चलौं** ।

- येशूको रगत – हामीले जे गरेका छौं त्यसको क्षमा **गरिएको छ** ।
- येशूको मृत्यु – हामी मर्‍यो ! हामी जे **थियौं** : पापीहरु त्यसमा हाम्रो वास्था राख्नुभयो ।
- येशूलाई गाडियो – हामी पनि गाडियौं ! सकियो !
- येशू मृत्युबाट बौरि उठ्नुभयो – हामी पनि मृत्युबाट बौरि उठ्यौं । **यो “नयाँ जन्म” हो** ।

  १ पत्रुस १:३ *हाम्रा प्रभु येशू ख्रीष्ट तथा परमेश्वरलाई स्तुति होस् ! उहाँको अपार कृपामा येशू ख्रीष्ट मृतकबाट फेरि **जीवित पारिनुभएकोले** जीवित आशाको लागि हामीलाई नयाँ जन्म दिनुभएको छ ।*

- **तसर्थ अहिले** : हामी पनि जीवनको नयाँपनमा हिड्नु पर्दछ ।
  - हिड्नुपर्दछ, गर्नुपर्दछ, हुनुपर्दछ यि सबै

सक्रिय वाचक : **नाम वा संज्ञाले कार्य गर्दछ ।**
**मैले यो गर्नै पर्दछ !**

क्रियाको संशयार्थसूचक रुप : **क्रिया निस्क्रिय हो ।**

**यो ममा भर पर्छ ।**

- हामी **जीवनको नयाँपनमा** हिड्न चुनाव गर्न सक्छौं, **यदि हामी गर्न चाहान्छौं र यदि हामी गरि देखाउदछौं भने !**

(५) उहाँको मृत्युमा हामी **उहाँसँग एक भएका छौं** भने, उहाँ **जीवित पारिँदा पनि** उहाँसँग एक हुनेछौं ।

- जीवनको नयाँपनमा हिड्नु
- यो सम्भव छ !

*यसकारण, यदि कोही ख्रीष्टमा छ भने, ऊ नयाँ सृष्टि हो पुराना कुराहरू बितिगए, अब नयाँ आएका छन् ।* २ कोरन्थी ५:१७

चरण # १ सत्यतालाई जान्नु

(६) किनकि हामीलाई **थाहा छ** कि हाम्रो **पुरानो शरीर** उहाँसँग **क्रूसमा टाँगिएको छ,** ताकि (उदेश्यको लागि) **पापको शरीरलाई <u>मिल्काइयोस्</u>** अनि हामी पापको दास भएर बस्नु नपरोस्–

यहि परमप्रभुबाट र उहाँको वचनबाटको सत्यता हो जो "*ज्ञानको रुख*" बाट त्यागिएको थियो – मानिसको दृष्टिकोण, आफ्नै अञ्जिरको पातहरुद्वारा उसले देख्न सक्दछ र छुन सक्दछ र बुझ्न सक्दछ ।

यो जानेर :

- "हाम्रो **पुरानो शरीर** उहाँसँग **क्रूसमा टाँगिएको छ**" यहि नै सत्यता हो ।
  - अनिश्चित भूतकालको क्रिया – यो घटना भूतकालमा एक निश्चित समयमा घटेको थियो ।
    - जब येशूलाई क्रूसमा मारिएका थिए, हामी पनि क्रूसमा मारिएका थियौं ।

- o निस्क्रिय वाचक – संज्ञा : "हाम्रो पुरानो स्वभाव" ले क्रूसमा मारिने कार्यलाई प्राप्त गरेको छ । यसलाई पाउन मैले केहि गरिन । यो तथ्य हो ।

किन ?

ताकि (उदेश्यको लागि)

- ➢ **पापको शरीरलाई मिल्काइयोस्**

- o **"मिल्काइयोस्"** चाहिँ अनिश्चित भूतकालको क्रिया सूचक हो, यो **ममा कार्य गर्न अनिश्चित** छ !

**यो ममा अनिश्चित छ यो** सत्यतालाई, यो वास्तविकतालाई **मेरो जीवनमा वास्तविक बनाउनको लागि ।**

उहाँको मृत्यु र रगत बहाबले गर्दा, येशूले मेरो पाप क्षमा गर्नुभएको छ र तसर्थ म मेरो पापको **ज्याला** (मृत्यु) बाट **स्वतन्त्र** भएको छु र मैले अनन्त जीवन पाएको छु । यो सकि सकेको छ, सबै साचोँ विश्वासीको लागि उहाँको अनुग्रहद्धारा प्राप्त भईसकेको छ ।

तर अहिले, रोमी ६ले हामी हाम्रो दैनिकी जीवनमा कसरी पापको शक्तिबाट स्वतन्त्र हुनसक्छौं देखाउदँछ ।

यहि नै हाम्रो मुक्तिको एक भाग हो जहाँ *"हामीले काम गर्नै पर्दछ"* (फिलीप्पी २:१२)

पहिलो चरण चाहिँ : **यो सत्यतालाई जान्नु हो**

(७) किनकि जो मरेको छ, ऊ पापबाट मुक्त भएको छ ।

यहिँ नै वास्तविकता हो !

- ❖ **यहिँ** नै मेरो **पापको शक्ति** माथिको छुटकारा र **विजय** हो !

o के तपाईले कहिल्यै मरेको मानिसको पापलाई देख्नुभएको छ ? तपाईले त्यसलाई लात्ताले हान्न सक्नुहुन्छ, तपाईले हिर्काउन सक्नुहुन्छ, उस माथि तपाईले ढुङ्गा हान्नसक्नुहुन्छ, श्राप दिन सक्नुहुन्छ, जे सुकै पनि – र त्यसबाट तपाईले त्यसको प्रतिउत्तर पाउनुहुनेछैन । उ पापको लागि मरिसकेको छ ।

(८) हामी **ख्रीष्टसँग मरेका** छौं भने, **ख्रीष्टसँगै जिउनेछौं** भनेर हामी विश्वास गर्छौं ।

यहिँ सत्यता /वास्तविकता/अनन्त सत्यता हो ।

(९) किनकि हामीलाई **थाहा** छ, उहाँ मरेकाबाट जीवित हुनुभएकोले फेरि मर्नुहुन्न **मृत्युको उहाँमाथि अधिकार छैन ।**

**पाप** र **मृत्युको** शक्ति माथि **उहाँको विजय** चाहिँ **पाप र मृत्युको शक्ति** माथिको **मेरो छुटकारा** र **विजय** हो ! मैले **बप्तिसमा लिएको छु, उहाँमा रहेको छु । उहाँलाई जे हुन्छ मलाई पनि त्यहि हुन्छ ।**

o तपाई कहिल्यै मर्नुहुनेछैन । अब देखी मृत्यु तपाई माथि मालिक हुने छैन ।

(१०) जुन मृत्यु उहाँले मर्नुभयो, त्यो **सधैँको निम्ति** पापमाथिको उहाँको मृत्यु थियो जुन जीवन उहाँ अब जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति हो ।

चरण # २ वास्तविकतालाई तपाईको जीवनमा वास्तविक बनाउनुहोस् !

(११) यसरी नै, तिमीहरूले पनि आफूलाई पापको निम्ति मरेको तर ख्रीष्ट येशूमा परमेश्वरको निम्ति जिउँदो भएको **ठान्नुपर्छ** । (विचार गर्नु, गन्नु, मनन गर्नु)

**विचार गर्नु**– आज्ञासूचकमा छ – **आज्ञा** ! ग्रीक शब्दमा यसको अर्थ शब्द गन्नु हुन्छ, हिसाब राख्नु, **सत्यता**लाई **जान्नु**, र **तथ्यहरु**को सारंशमा पुग्नु ।

- सबैको सारंश सबै भन्दा पहिले नै भईसकेको छ ।
- **जान्नु**/तपाईले भरोसा गर्न सक्ने, आश्रित हुनसक्ने सत्यतालाई **विश्वास** गर्नु
- त्यसलाई लेख्नु/लागु गर्नु/त्यसमा खडा रहनु/त्यसमा कार्य गर्नु/त्यसलाई गर्नु
- त्यसलाई सधैँको लागि र सबैको लागि बन्दोबस्तो गर्नु
- यो अन्तिम शब्द हो– **विश्वास गर्नु** !

***हिब्रू ११:१–२*** *अब **विश्वास**चाहिँ हामीले गरेको आशाको निश्चयता र हामीले **नदेखेका कुराको दृढ भरोसा** हो । यसैको लागि प्राचीनकालका मानिसहरूको प्रशंसा भएको थियो ।*

- जो सहि हो त्यसको दृढ भरोसा चाहिँ परमेश्वरको अनन्त  दृष्टिकोणबाट आउँछ र अञ्जिरको पातहरुद्वाराको आजको मेरो हेराई र दृष्टिकोणमा आधारित दृष्टिकोणबाट होइन ।

हाम्रो जीवनमा **विश्वासले वास्तविकतालाई वास्तविक बनाउदँछ** । यो सत्य हो मैले विश्वास गरु कि नगरु । तर, विश्वासले तथ्यहरु, सत्यता, मेरो जीवनमा **वास्तविक** बनाउदँछ ।

(१२) **यसकारण** पापले  तिमीहरूको नाशमान् शरीरमा राज्य **नगरोस्** र तिमीहरू यसका दुष्ट इच्छाहरूको दास नबन ।

- तपाईले काम गर्नै पर्छ ।
- पावलले हामीलाई भन्छन् :

(१) तिमीहरूले आफ्नो पुरानो जीवन जो छली लालसाद्वारा भरिएको थियो, **त्यो पुरानो मनुष्यत्वलाई त्याग्नुपर्छ भनी सिकेका छौं ।** (एफिसी ४:२२)

(२) अनि **नयाँ मनुष्यत्वलाई धारण गर**, जो परमेश्वरको धार्मिकता र पवित्रतामा सृष्टि भएको छ । (४:२४) अनि शैतानलाई कुनै मौका नदेओ । (४:२७)

"जसरी ख्रीष्ट मृत्युबाट बौरिउठ्नु भयो.. त्यसरी नै हामी पनि नयाँ जीवनमा हिड्नै पर्छ ।"

१ यूहन्ना ३:**९परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन,** *किनकि उहाँको बीज त्यसमा रहन्छ त्यसले पाप गरिरहन सक्दैन,* ***किनकि ऊ परमेश्वरबाट जन्मिएको हो*** *।*

- जो ममा "परमेश्वरबाट जन्मेको" छ त्यो "नयाँ मानिस"ले पाप गर्न सक्दैन ।

१ यूहन्ना ५:१८ *हामी जान्दछौं,* ***परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन*** *परमेश्वरका पुत्र येशू ख्रीष्टले उसलाई सधैँ सुरक्षित राख्नुहुन्छ, अनि दुष्टले त्यसलाई हानि गर्न सक्दैन ।*

- यो तपाईको चुनाव हो । **तपाईले थाहा पाउनु भएको** सत्यतामा र्निणय **गर्नुनैपर्दछ** र त्यसलाई आफ्नो जीवनमा **लागु गर्नुपर्दछ** । **पापले राज्य गर्न नदिनुहोस् !**
- याकुब १:२२ *वचन सुनेर मात्र आफैलाई धोका नदेओ । यसले के भन्छ सो गर ।*
- याकुब २:१७ *यस्तै किसिमले, कामविनाको विश्वास पनि मरेतुल्य हुन्छ ।*
- मत्ती ७:२४ "यसकारण हरेक जसले मेरा यी वचनहरू **सुनेर** त्यसअनुसार काम गर्छ, त्यो त्यस बुद्धिमान् मानिसजस्तो हो जसले आफ्नो घर चट्टानमाथि बनायो ।

यसरी नै हामीले गलाती ५:१७ को लडाईलाई जित्न सक्दछौं *किनकि पापमय स्वभावले आत्माको विरुद्ध लालसा गर्दछ, अनि आत्माले पापमय स्वभावको विरुद्धमा । तिनीहरू एक अर्काको विरुद्धमा हुन्छन्, यसकारण तिमीहरू जे गर्न चाहन्छौ त्यो तिमीहरू गर्न सक्दैनौ ।*

(**१३क**) शरीरका अङ्गहरूलाई दुष्टताको हतियारको रूपमा पापको निम्ति नसुम्प (आदेशाआज्ञा)

- परमप्रभुले आफ्नो भागको काम गर्नुभएको छ, हाम्रो लागि गर्नुभएको छ ।

- **हामीले हाम्रो हिस्साको काम गर्नैपर्दछ र** सत्यतालाई हामीले हाम्रो जीवनमा **वास्तविक** बनाउनुपर्दछ ।

- विश्वास गर्नुहोस् ! मनन गर्नुहोस् ! हिसाब राख्नुहोस् !

o पावललाई यो सत्यता थाहा थियो – विश्वास गर्नु /आफ्नो जीवनमा मनन गर्नु

गलाती २:२० ***म*** *ख्रीष्टसँगै* ***क्रूसमा टाँगिएको छु,*** *तैपनि म जिउँछु,* ***त्यसो भए तापनि म त होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ*** *। यो शरीरमा जुन जीवन म जिउँछु, त्यो म परमेश्वरको पुत्रमा विश्वास राखेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो अनि आफूलाई मेरो निम्ति अर्पण गर्नुभयो ।*

- गलाती २:२० याद गर्नुहोस्
- जब जब तपाई रिस/रक्षात्मक/क्षमा दिन नसक्ने अनुभव गर्नुहुन्छ ; त्यहि नै **रोक्नुहोस्** र गलाती २:२०लाई कुनै प्रतिक्रिया गर्नुभन्दा पहिला लिनुहोस् । "म मरेको छु ।" के तपाईले कहिल्यै मरेको मानिसको पापलाई देख्नुभएको छ ? "ख्रीष्ट ममा जीउनुहुन्छ ।" उहाँले कसरी प्रतिक्रिया गर्नुहुन्थ्यो होला ?
- यसरी येशूले प्रतिक्रिया गर्नुहुन्थ्यो :

१ पत्रुस २:२१–२५ **यसैको निम्ति तिमीहरू बोलाइएका छौ,** किनकि ख्रीष्टले तिमीहरूको निम्ति कष्ट सहनुभयो, र **तिमीहरूको निम्ति एउटा नमूना छोडनुभयो अनि तिमीहरूले उहाँको पाइला पछ्याउनुपर्नेछ ।** २२ "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन ।" २३ तिनीहरूले उहाँमाथि अपमान गर्दा, **उहाँले बदला लिनुभएन** । उहाँले दुःख भोग्नुहुँदा, **धम्काउनुभएन** । यसको सट्टामा, न्यायपूर्ण इन्साफ गर्नुहुनेकहाँ आफूलाई सुम्पिनुभयो । २४उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो, **यसरी पापको निम्ति मरौं र धार्मिकताको निम्ति जिऔं** । उहाँको चोटद्वारा तिमीहरू निको भयौ । २५किनकि तिमीहरू भेडाहरूझैं बरालिँदै थियौ, तर अब तिमीहरू तिमीहरूका आत्माका गोठाला र संरक्षककहाँ फर्केका छौ ।

येशूले भन्नुभयो, "*हे पिता, यिनीहरूलाई क्षमा गरिदिनुहोस्*, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन् ।" अनि तिनीहरूले चिट्ठा हालेर उहाँको वस्त्र आपसमा बाडें । लूका २३:३४

चरण # ३ :

(१३ख) बरु आफूलाई मृत्युबाट जिउँदो भएको कारण **परमेश्वरको निम्ति सुम्प** र आफ्ना शरीरका अङ्गलाई धार्मिकताको निम्ति सुम्पिदेऊ ।

o सुम्प – अगाडि ल्याउ र देऊ वा आफैलाई सुम्प ।

- दुईवटा चुनाबहरु : (१) आफैलाई पाप र अधार्मिकता प्रति सुम्प (२) प्रभु येशू ख्रीष्टमा र धार्मिकतालाई सुम्प ।
- आफुलाई येशूमा सुम्प । एक चोटी उपहार दिइएको छ, त्यसलाई वापस लिनु चोरि हो ।

  *"तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनी के तिमीहरूलाई थाहा छैन, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पायौ, अनि जो तिमीहरूभित्र हुनुहुन्छ ? तिमीहरू आफू त आफ्नै होइनौ । तिमीहरू दाम तिररे किनिएका हौ । यसकारण, आफ्ना शरीरद्वारा परमेश्वरको आदर गर ।"* (१ कोरन्थी ६:१९–२०)

- आफुलाई सत्यतामा सुम्प (यूहन्ना १४:६) ।
- *तब येशूले चेलाहरूलाई भन्नुभयो, "यदि कोही मेरोपछि आउने इच्छा गर्छ भने, त्यसले*
  *आफैलाई इन्कार गरोस् र **आफ्नो क्रूस उठाएर** मलाई पछ्याओस् ।* (मत्ती
१६:२४)

**यसरी तपाईले आफुलाई परमप्रभुमा सुम्पनु पर्दछ → आफ्नो क्रूसलाई लिनुहोस् र उहाँलाई पछ्याउनुहोस् ।**

(१४) पाप तिम्रो मालिक हुनेछैन, किनकि तिमी व्यवस्थाको अधीनमा होइन, तर अनुग्रहमुनि छौ ।

- व्यवस्थाले पापलाई बढाउदँछ । रोमी ७:४–११
- पाप नगर्नको लागि परमप्रभुको अनुग्रह नै परमप्रभुको शक्ति हो (२ कोरन्थी १२:९) ।
- जति मात्रामा तपाईले परमप्रभुको अनुग्रहलाई पापलाई रोक्नलाई प्रयोग गर्नुहुन्छ र उहाँको आज्ञापालन गर्न, यो सबै तपाईमा नै भर पर्दछ (१ कोरन्थी १५:१०) ।उहाँको अनुग्रहलाई व्यर्थमा गुमाउनलाई प्राप्त नगर्नुहोस् ।

(१५) तब के त ? पापमुनि होइन तर अनुग्रहमुनि छौं भनेर हामीले पाप गर्ने ? त्यसो होइन !

(१६) के तिमीहरूलाई **थाहा** छैन, तिमीहरूले कसैको दासको रूपमा **आफूलाई सुम्पियौ** भने, **त्यसको तिमीहरू दास बन्छौ–** चाहे पापको, जसले तिमीहरूलाई मृत्यु दिन्छ, चाहे त्यस आज्ञाकारिताको, जसले तिमीहरूलाई धार्मिकता प्रदान गर्छ ?

- "सुम्पिनु" को अर्थ यहि हो – यदि तपाईले कसैलाई साँचोरुपमा दिनुहुन्छ भने, तपाईले उनीहरुले चाहे जस्तै गर्नु पर्दछ ।

जब गलिलको केटाले आफ्नो रोटी **सुम्पि दिए**, प्रभुले के गर्नुभयो ? जब त्यसलाई भाचेँ र आशिष मागे अनि मात्र धैरै जनाको आवश्यकतालाई पुरा गरियो ।

- रोमी १२:१ *यसकारण, हे भाइ हो, म बिन्ती गर्छु, परमेश्वरको दयाको कारण, तिमीहरूले आफ्ना शरीरहरूलाई पवित्र र* ***परमेश्वरलाई*** *मन पर्दो बलिदानको रूपमा* ***दिइहाल–*** *तिम्रो आत्मिक आराधना यही हुनेछ ।*

(१७) तर परमेश्वरलाई धन्यवाद होस्, यद्यपि तिमीहरू पापका दास थियौ, अब जुन शिक्षामा तिमीहरू सुम्पिएका छौ, त्यो हृदयले पालन गर्ने भएका छौ ।

- तपाईले आफुलाई परमप्रभुमा आज्ञाकारि हुनलाई सुम्पिनुपर्दछ ।

(१८) तिमीहरू अब **पापको दासत्वबाट मुक्त** भएर धार्मिकताको दास तुल्याइएका छौ ।

(१९) म तिमीहरूको शारीरिक दुर्बलताको कारण मानिसको रीतिअनुसार भन्दैछु । जसरी तिमीहरूले आफ्ना शरीरको अङ्गलाई अशुद्धता र बढ्दो दुष्टताको निम्ति दास हुनलाई **सुम्पिदिएका थियौ, त्यसरी अब आफ्ना** अङ्गलाई पवित्रतातर्फ लाने धार्मिकताको दास हुनलाई **सुम्पिदेऊ** ।

(२०) जब तिमीहरू पापका दास थियौ, धार्मिकताको नियन्त्रणदेखि तिमीहरू मुक्त थियौ ।

(२१) जुन कुराको निम्ति अहिले तिमीहरू लज्जित छौ, त्यसबाट तिमीहरूले के प्रतिफल पायौ ? ती कुराहरूको परिणाम त मृत्यु हो ।

(२२) तर **अब तिमीहरू पापबाट मुक्त भएर परमेश्वरका दास भएका छौ** । त्यसबाटको फाइदाले तिमीहरूलाई पवित्रतातिर अग्रसर गराउँछ र फलस्वरूप अनन्त जीवन दिन्छ ।

(२३) किनकि पापको ज्याला मृत्यु हो, तर **परमेश्वरको वरदान** ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।

## सत्यतालाई जान्नु

विश्वास गर्नु /आफ्नो जीवनमा यसलाई मनन गर्नु । यसमा खडा हुनुहोस् ।

आफैलाई प्रस्तुत गर्नुहोस् / आफुलाई पुर्णरुपमा प्रभु येशू ख्रीष्टमा सुम्पिदिनुस् ।

आफ्नो क्रूसलाई उठाउनुहोस् र प्रभु येशू ख्रीष्टलाई पछ्याउनुहोस् ।

***ख्रीष्टको पे्रमले हामीलाई विवष पार्दछ,*** *किनकि हामीलाई यो पक्का छ कि* ***एक जना सबैको निम्ति मर्नुभएकोले*** *नै सबै मरेका छन् । अनि* ***उहाँ सबैको निम्ति मर्नुभएकोले, जति जना बाँचिरहेका छन्*** *तिनीहरू आफ्नै लागि होइन तर तिनीहरूको लागि मर्नुहुने र फेरि पुर्नजीवित हुनु हुनेको लागि बाँचून् ।* २ कोरन्थी ५:१४–१५